# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७७/०७८
च. नं.:

मिति: २०७७/०८/२९

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

(पहिलो पटक प्रकाशित मिति: २०७७/०८/२९)

प्रस्तुत विषयमा यस सत्यवती गाउँपालिकामा आ.व. २०७७/०७८ मा संचालन हुने गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको लागि यस कार्यालयको मिति २०७७/०८/२९ गतेको पदपुर्ति समितिको बैठकको निर्णयानुसार यस गाउँपालिकाको लागि तपशील बमोजिमको कर्मचारी करार सेवामा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा रीतपूर्वक दरखास्त आह्वान गरिन्छ। दरखास्त फाराम यसै सूचना साथ संलग्न रहेको व्यहोरा जानकारी गराइन्छ ।

**तपशील:-**

| क्र. सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| १ | ८/०७७-०७८ | सुपरिवेक्षक | सहायक पाँचौ | १ (एक) | सत्यवती गाउँपालिकाको क्षेत्रभित्र |
| २ | ९/०७७-०७८ | गणक | सहायक चौथो | ५ (पाँच) | सत्यवती गाउँपालिकाको क्षेत्रभित्र |

**द्रष्टव्य:-**

१. शैक्षिक योग्यता:

| सुपरिवेक्षकको लागि | गणकको लागि |
|---|---|
| मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र कम्तिमा ३ महिना कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको । | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्तिमा ३ महिना कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको । |

२. **आवश्यक अन्य कागजातहरु:-** व्यक्तिगत विवरण, नेपाली नागरिकको प्रमाणपत्रको प्रतिलिपि, न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, तीन प्रति पासपोर्ट साइजको फोटो, अनुभवको प्रमाणपत्र तथा अन्य कागजातहरुको प्रतिलिपि ।

३. **उम्मेदवारको उमेरको हद (दरखास्त दिने अन्तिम मितिसम्म):-** १८ बर्ष उमेर पुरा भै ४० वर्ष ननाघेको ।

४. **आवेदन शुल्क:-** सुपरिवेक्षको लागि रु. ४०० र गणकको लागि रु. ३०० ।

प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo

**५. आवेदन र शुल्क बुझाउने स्थानः** सत्यवती गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी ।

**६. अनलाईन माध्यमको लागिः** आवेदन शुल्क यस गाउँपालिकाको कार्यालयमा बुझाउन सकिनेछ वा यस गाउँपालिकाको एन.सि.सि. बैंकमा रहेको ग.१.१ आन्तरिक राजस्व खाता नं. १४७००००१८३०१ मा शुल्क जम्मा गरी भौचर र आवेदन यस गाउँपालिकाको ईमेल info@satyawatimun.gov.np मा पठाउन सकिनेछ ।

**७. परीक्षाको किसिमः-** संक्षिप्त सूची प्रकाशन, कम्प्युटर प्रयोगात्मक सीप परीक्षण र अन्तर्वार्ता ।

**८. सेवा सुविधाः-** सुपरिवेक्षकका लागि नेपाल सरकारको राजपत्र अनकिंत प्रथम श्रेणीको कर्मचारी सरहको तथा गणकको लागि नेपाल सरकारको राजपत्र अनकिंत द्वितीय श्रेणीको कर्मचारी सरहको ५ महिनाको तलव र अन्य नियमानुसारको भत्ता उपलब्ध गराईनेछ ।

**नोटः-** सत्यवती गाउँपालिका अन्तर्गतका स्थानीय आवेदकलाई प्राथमिकता दिइनेछ ।

झविश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत